नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७५

श्रावण, २०७५

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७५

## १. पृष्ठभूमि

नेपालको संविधान एवं नेपाल सरकारले अंगिकार गरेका नीति, निर्देशनहरु तथा लैगिंक समानताको मर्म र भावनालाई आत्मसात गर्दै आफ्ना गतिविधिहरु लक्षित वर्गसम्म पुर्याउनु यो संस्थाको उदेश्य रहेको छ ।

सबैका लागि उज्यालो भन्ने नारालाई सार्थक बनाउन र नवीकरणीय ऊर्जाको विकास तथा विस्तारको माध्यमबाट नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउने दिशामा केन्द्रले आफ्ना कार्यक्रमहरुलाई केन्द्रीत गरेको छ । महिला वर्गको उत्थान र विकासका लागि लैगिंक र समावेशी विषयलाई यथोचित रुपमा संवोधन गरी लगानीको लक्षित वर्गसम्म अधिकतम प्रतिफल पुगोस भन्ने मान्यता यस केन्द्रको रही आएको छ । विकासका तमाम क्रियाकलापहरुमा महिला, गरिब, पिछडिएको वर्ग, कमजोर समुदाय, जोखिममा रहेका वर्ग र सिमान्तकृत समुदायलाई अग्रस्थानमा सहभागी गराउन सकिएमा यस्ता वर्गहरुको उत्थान भई संपूर्ण समाजको उत्थानमा सकारात्मक प्रभाव पर्नेछ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणका नीतिहरुलाई आफ्ना कार्यक्रममा समावेश र रुपान्तरण गरी लैगिंक सवाललाई मूलप्रवाहीकरण गर्न यो केन्द्र प्रतिवद्ध रहेको छ । यसको प्रयोगबाट लैगिंक समानता कायम भै नवीकरणीय ऊर्जा क्षेत्रमा सामाजिक समावेशीकरणले सार्थक परिणाम दिनेछ ।

महिला, न्यून आय भएका र सिमान्त वर्गहरुमा हितका लागि ऊर्जाको लाभ र अवसर समान रुपमा पुगोस भन्ने मनसायका साथ केन्द्रले यो नीतिलाई अगाडि सारेको छ । नेपालको संविधान, नेपाल सरकारको चौधौं त्रिवर्षिय योजना र दिगो विकासका लक्ष्यले लैंगिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा काम गर्न राज्यलाई निर्देशित गरेका छन् । मानव अधिकार प्रवर्द्धन, संरक्षण र पालनामा नेपालले आफ्नो पूर्ण प्रतिवद्धता सहित मानव अधिकार सम्वन्धी महासन्धिहरुको पक्ष राष्ट्र बनेकोले तिनीहरुको कार्यान्वयनमा सहयोग गर्नु राज्यका सबै निकायको कर्तव्य भएको छ ।

नेपालको संविधानले अंगिकार गरेका लैगिंक समानता तथा समावेशीकरण सम्वन्धी व्यवस्था, महिला अधिकार सम्वन्धमा नेपालले व्यक्त गरेका प्रतिवद्धता र ऊर्जामा सबको पहुँच कायम गरी दीगो विकास र समानरुपमा नेपाली जनताको जीवनस्तरमा सुधार गर्ने वृहत उदेश्य प्राप्तीका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यो नीति जारी गरेको छ ।

## २ लैगिंक समानता तथा सामाजिक समावेशीकरणसँग सम्वद्ध राष्ट्रिय तथा क्षेत्रगत नीतिगत मार्गदर्शन

नेपालको संविधानले नेपाललाई समावेशी र सम्वृद्ध राज्य बनाउने लक्ष्य राखेको छ । संविधानको प्रस्तावनामा “सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै; बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक

विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एंव प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने" उल्लेख भएकोले यस दिशामा केन्द्रले काम गर्न आवश्यक भएको छ ।

नेपाल सरकारको चौधौं त्रिवर्षिय योजनाले सामाजिक न्याय सहितको आर्थिक सम्वृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । अविकसित क्षेत्र, वर्ग, समुदाय र विपन्न वर्गहरुलाई विकासको मूलधारमा समाहि गराउन कटिवद्ध प्रयास चाहिने महशुस गरेको छ । यसको लागि लक्षित वर्गको पहिचान, स्रोत साधनको न्यायोचित वितरण र गरिवी निवारणका हेतु सामाजिक सुरक्षा अवलम्बन गर्ने योजनाका क्रियाकलापहरु लक्षित गरेको छ ।

नेपाल सरकारले विशेषतः ग्रामीण इलाकाका लागि नवीकरणीय ऊर्जाको जस्तैः लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा प्रवर्द्धन, विकास र जडानमा अनुदान दिने नीतिगत व्यवस्था गरेको छ ।

ग्रामीण ऊर्जा नीति, २०६३ बमोजिम ग्रामीण ऊर्जा मूलतः ग्रामीण महिलाबाट गरिने कार्यहरु संग प्रत्यक्ष सरोकार राख्ने हुँदा ग्रामीण ऊर्जा प्रविधिलाई महिला सशक्तिकरणको एक अभिन्न अंगको रुपमा कार्यान्वयन गर्ने भन्ने उल्लेख छ ।

नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ मा नवीकरणीय ऊर्जाका स्रोत तथा प्रविधिको प्रयोगमा अधिकतम कार्यदक्षता बढाउने र एकल महिला, न्यून आय भएका तथा प्राकृतिक प्रकोपबाट पीडित घरपरिवार र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गलाई नवीकरणीय ऊर्जा प्रयोग गर्न र क्षेत्रीय असमानतालाई कम गरी उनीहरुको जीविकोपार्जनमा सुधार तथा रोजगारीका अवसर सिर्जना गर्न सहयोग गर्ने उल्लेख छ ।

## ३. लैगिंक मूलप्रवाहीकरणका आधारभूत सिद्धान्तहरु :-

१) लैंगिक तथा समावेशी विश्लेषण सहितको श्रमशक्ति विभाजन, राज्यको स्रोत साधन माथिको पहुँच र निर्णय लिने स्थानमा पुरुष र महिला दुवैको सामाजिक अवस्थिति र समावेशी स्वरुपको आधारमा नियमित रुपमा खवरदारी गरिनेछ ।

२) केन्द्रको नवीकरणीय ऊर्जा र यससँग सम्वन्धित कार्यक्रमहरुलाई मूल्यांकन गरी वजेट बाँडफाँड तथा कार्यक्रम, संस्थागत व्यवस्थापन, मानव संसाधनका बिषयहरु तथा केन्द्रको अनुगमन तथा

मूल्यांकन प्रकृयामा यसका कार्यक्रम, आयोजनाहरु, सहयोगी निकायहरु र उपभोक्ता समुहहरु समेतमा यसका आधारहरु समेटिने छन् ।

३) लिंग, उमेर, जातजाती, धर्म, वर्ग, शिक्षा, आर्थिक अवस्था, वसोवास वा यस्ता अन्य आधारहरु ( जस्तो कि अपांगता, जोखिममा रहेका अल्पसंख्यक समुदाय, जनजाती समुदाय, ग्रामीण वस्तीका न्यून आय भएका वर्ग, दैवी प्रकोपबाट प्रभावित समूह, घरवारविहीन मानिसहरु) लाई प्राथमिकतामा राखी कार्यक्रमहरु कार्यान्वयन गर्न विशेष प्रवन्ध मिलाइनेछ ।

४) विभेदकारी गतिविधिहरु कायम नहुने गरी लैंगिक एवं सामाजिक मान्यताहरुलाई सम्मान गर्दै केन्द्रको गतिविधिहरु महिला, गरीव तथा निमुखा विपन्न वर्गहरु समक्ष पुगे नपुगेको विश्लेषण तथ्यका आधारमा गरिनेछ ।

## ४. परिवर्तनको सिद्धान्त

यस केन्द्रबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउने, प्राथमिकता पूर्ण व्यवहार गर्ने, स्रोत र साधनको न्यायोचित वितरण गर्ने, क्षमता विकासका लागि प्राथमिकता दिने जस्ता पक्षलाई ध्यान दिइ लैंगिक मूलप्रवाहीकरणलाई केन्द्रले परिवर्तनको सिद्धान्तको रुपमा स्वीकार गरेको छ । असमानता तथा विभेदहरुलाई संवोधन गर्न केन्द्रले देहायका पक्षहरुमा जोड दिनेछ :

(क) समावेशी विकासका लागि गरिने समान अवसरको व्यवहारिक मान्यताले राज्यबाट विविध कारणले पछि परेका र पारिएका महिला, न्यून आय भएका र सिमान्तकृत वर्ग समक्ष ऊर्जाको पहुँच पुर्‍याई जीवनस्तरमा वृद्धि गर्ने ।

(ख) कुनै निर्णय विशेषबाट उनीहरुलाई मर्का परेको रहेछ भने त्यसको प्रतिवाद गर्न सक्षम वनाउने, आफ्नो जायज कुराहरु जाहेर गर्न सक्ने किसिमले क्षमता अभिवृद्धि गराउने ।

(ग) आफ्नो जीवनयापनमा अर्थपूर्ण परिवर्तन ल्याउने उद्देश्यका साथ स्थापना भएका संस्थाहरुलाई थप जवाफदेही बनाउन महिला, विपन्न वर्ग, लगायतको साझा चौतारी निमार्ण गर्ने ।

(घ) विभेदकारी नीति, विचार तथा मूल्य मान्यताहरुलाई सच्याई समावेशी सिद्धान्त अनुरुप ढाल्ने ।

## ५. नीतिको दूरदृष्टि, ध्येय र उद्देश्यहरुः

५.१ दूरदृष्टि (Vision)

महिला र पुरुष दुवैको सामाजिक अवस्था/परिवेश, जातियता, आय-आर्जन, उमेर, शारिरीक अवस्था, भौगोलिक अवस्था र परियोजनाबाट प्रभावित व्यक्तिहरु (Project Affected People) को नवीकरणीय ऊर्जामा समान र समतामूलक पहुँच, अवसर र लाभ पुऱ्याउने ।

५.२ ध्येय (Mission)

विभिन्न नीतिहरु, कार्यक्रमहरु, योजना र बजेटमा समान व्यवहारका साथै महिला, गरिव र वञ्चितीकरणमा परेका वर्गलाई सशक्तिकरण गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति सबैमा सुनिश्चित गर्ने ।

५.३ उद्देश्यहरु (Objectives)

क. ग्रामीण महिलाहरु, गरिव, विपन्न, सिमान्तकृत वर्ग, जोखिमयुक्त जनसंख्या र सामाजिक रुपमा वञ्चितीकरणमा परेका वर्गहरुको जीविकोपार्जनमा सुधार ल्याउन नवीकरणीय ऊर्जाका विभिन्न प्रविधिहरुको अधिकतम उपयोग र परम्परागत प्रविधिहरुमा निर्भरता कम गरी रोजगारीको सृजना गर्ने ।

ख. महिला, गरिब र वञ्चितीकरणमा परेका वर्गलाई ऊर्जा प्रणालीहरुको संयन्त्रमा सक्रिय सहभागिता गराउने र उचित निर्णय लिन क्षमता अभिवृद्धि गर्ने ।

ग. महिला, गरिब र वञ्चितीकरणमा परेका वर्गलाई ऊर्जा प्रणालीहरुको प्रयोग गर्नबाट बाधा पुऱ्याउने लैङ्गिक भेदभावका साथै सामाजिक मूल्य मान्यताहरुमा परिवर्तन ल्याउन सहायता गर्ने र उपयुक्त अवसरहरुलाई बढावा दिने ।

## ६. मूल प्रवाहीकरणका रणनीतिहरु

६.१ नवीकरणीय ऊर्जामा आर्थिक सहायता र कर्जा सम्बन्धी सेवाहरुमा महिलाहरुको पँहुच बढाइने छ ।

६.२ नवीकरणीय ऊर्जा सम्बन्धी परियोजनाहरु र कार्यक्रमहरुमा सरकारी मापदण्ड अनुसार महिलाको संलग्नता र हक पहिचान गरी उचित पारिश्रमिकको व्यवस्था गरिने छ ।

६.३ पुरुष, महिला र विपन्न वर्गहरुका लागि नवीकरणीय ऊर्जा प्रविधिको पँहुचमा वृद्धिका लागि उक्त प्रविधिहरुमा लाग्ने अग्रिम लागतलाई कम गरी उपभोग गर्न सकिने बनाउन आवश्यक उपायहरु विकास गरी कार्यान्वयनमा ल्याईनेछ ।

६.४ ऊर्जाको पँहुच नपुगेका दुर्गम तथा पिछडिएको क्षेत्र र समुहका विशेष गरी विपन्न र गरिव पुरुष तथा महिलाहरुका लागि विशेष वितरण प्रणालीको विकास गरिनेछ ।

६.५ विभिन्न जात-जातिका महिला र पुरुषहरुमा समान रुपमा नवीकरणीय ऊर्जा प्रविधिहरु बारे सूचना तथा सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

६.६ ऊर्जाका विभिन्न परियोजनाहरुको प्राविधिक पक्षहरुमा महिला र विपन्न वर्गको सक्रिय सहभागिता गराई पूर्वाधार विकास व्यवस्थापनमा सहभागि हुन प्रोत्साहन गरिनेछ ।

६.७ परियोजना चक्रको विभिन्न चरणहरुमा महिला र विपन्न वर्गहरुलाई प्रभावकारी रुपमा संलग्न गराई परामर्श लिइने वातावरणको सृजना गरीनेछ ।

६.८ ऊर्जा सम्बन्धी योजना, कार्यक्रम र निर्णय लिँदा महिला तथा सिमान्तकृत वर्गको समान सहभागिता सुनिश्चित गर्नुका साथै निर्णय प्रक्रियामा प्रभाव पार्ने क्षमतामा अभिवृद्धि गरिनेछ ।

६.९ महिला र सामाजिक रुपमा वञ्चितीकरणमा परेका वर्गलाई नविकरणीय ऊर्जाको सेवा प्रदायकको रुपमा प्रर्वद्धन गर्नका लागि थप सहयोग प्रदान गर्ने वा सहज /सवल वातावरण (Enabling Environment) सिर्जना गरिनेछ ।

६.१० नवीकरणीय ऊर्जा क्षेत्रको संस्थागत नीति, नियमित कार्य ढाँचा र संयन्त्रहरुलाई संशोधन गरी महिला, गरिव र वञ्चितीकरणमा परेका वर्गहरुको मुद्दाहरुलाई स्पष्ट रुपमा संबोधन गर्ने वा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

६.११ कार्यस्थलमा विविधता बढाउन विशेष गरी महिला तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेकाहरुका लागि केन्द्रको विभिन्न तहमा संलग्न गराउने साथै लैङ्गिक समावेशीकरणको अवधारणालाई उपयुक्त वातावरण सुनिश्चित गरिनेछ ।

६.१२ जलवायू परिवर्तनका कारण हुन गएको सामाजिक, आर्थिक र वातावरणीय लैङ्गिक समानता तथा समाजिक समावेशिकरण (लै.स.सा.स) अन्तर (GESI Gap) लाई न्यूनीकरण गर्न जलवायू परिवर्तनका असरहरु न्यूनीकरणका योजना र क्रियाकलापहरुलाई बनाई कार्यान्वयन गरिनेछ ।

६.१३ नवीकरणीय ऊर्जा प्रविधिहरुको उपभोग तथा वितरणमा उत्तरदायित्व र पारदर्शिता कायम गरी स्थानीय रुपमा उपयुक्त नमुना विकासमा स्थानीय समुदाय र सम्बन्धित सरोकारवालाहरु संलग्न गराईने अवधारणाको विकास गरीनेछ ।

६.१४ गुणस्तरीय र उचित दस्तावेजीकरण गरी  लैङ्गिक समानता तथा समाजिक समावेशिकरण मूल प्रवाहिकरणमा विशेष जोड दिने र सम्पन्न भएको कार्यलाई प्रकाशन तथा प्रशारण गरिने छ ।

६.१५ केन्द्र भित्र हुन सक्ने असामान्य क्रियाकलाप तथा व्यवहार (जस्तैः मौखिक गाली गलौज, जुनै माध्यमबाट हुने यौन दुर्व्यवहार आदि) लाई संबोधन गर्न छुट्टै जेसी गुनासो सुनुवाई समिति ( GESI Grievance Handling Committee) स्थापना गरिनेछ र सो को लागि परामर्श दिने व्यवस्था गरिने छ ।

६.१६ केन्द्र भित्र गर्भवती महिला, स्तनपान र स्वास्थ्य ईकाईको सुविधाका लागि आवश्यक पूर्वाधारहरुको विकास र व्यवस्थाको जिम्मेवारी माथि उल्लेखित समितिको हुनेछ ।

६.१७ कुनै पनि सूचना उपलब्ध गराउनु अगाडि र कुनै पनि फोटो अथवा भिडियो खिच्नु अथवा बाँड्नु अगाडि पुर्व स्वीकृती लिनु पर्नेछ ।

६.१८ सरोकारवाला निकाय तथा संस्थाका सबै जनशक्तिमा लै.स.सा.सको दृष्टिकोण (GESI Perspective) र व्यवहार (practice) को विकास गर्न लै.स.सा.स शिक्षा (GESI Education) प्रदान गरिनेछ ।

६.१९ केन्द्रको जेसी आचार संहिता (GESI Code of Conduct) सम्पूर्ण कर्मचारीहरुलाई हस्ताक्षर गराई कार्यान्वयन गरिनेछ ।

## ७. अनुगमन तथा मूल्याङ्कन

लैङ्गिक समानता नीतिको कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र समिक्षा गर्न जरुरी छ र विशेष गरी ऊर्जा क्षेत्रमा महिला, गरिव, विपन्न, पिछडिएका वर्ग, जोखिमयुक्त जनसंख्या, परियोजना प्रभावित र सामाजिक रुपमा वञ्चितीकरणमा परेका वर्गहरुको विभिन्न मुद्दाहरु संबोधन गरिनेछ । वै.ऊ.प्र.के. र यसका परियोजनाहरुमा विभिन्न सूचनाहरुलाई संकलन, संरक्षण, विश्लेषण र व्याख्या गर्नु, प्रमाणहरुलाई विश्लेषण गर्नु, मूल्याङ्कनको विभिन्न सूचकहरुलाई साथै रिपोर्टहरुको फारम र ढाँचाहरुको माध्यमबाट लैंगिक तथा सामाजिक पहिचान छुट्टिने तथ्यांक (GESI Segregated Data) तयार गरी GESI मा आधारित अनुगमन तथा मूल्याङ्कन गरीनेछ ।

#